# ल्होमी (Lhomi)

करिब ९,००० जना ल्होमी जातिका मानिसहरू नेपाल, भारत र तिब्बत राष्ट्रहरूमा बसोबास गर्दै आइरहेका छन्। नेपालको कोसी अञ्चलको सङ्खुवासभा जिल्लाको हेढ़ङ्नाको माथि अरूण नदीको नजिकमा भिरालो पहाडहरूमा रहेका ६ वटा गाउँहरूमा तिब्बतको सिमानासम्म यिनीहरूको ठूलो एउटा समूह बसोबास गर्दै आइरहेको छ। अहिलेको समयहरूमा कुनै ल्होमी जातिका पुरुषहरू घर बनाउने कामको लागि काठमाडौँतिर बसाइँ सरेका छन्। भारतमा झन्डै १,००० जना ल्होमीहरू दार्जिलिङ जिल्लामा बसोबास गर्छन्। सन् १९७६ मा नेपालमा ल्होमीहरूको सङ्ख्या ४,००० थियो।




नेपालमा यिनीहरूलाई शेर्पा जातिको एक भागको रूपमा मानिन्छ। चीनमा १,५०० ल्होमीहरूलाई तिब्बतीहरूसँग जोडेको छ। भारतमा यिनीहरूलाई बुद्ध धर्म मान्ने मानिसहरूसँग जोडेर भोटिया जातिमा राखिएको छ।

यिनीहरू आफूलाई बुद्ध धर्म मान्नेहरू भने तापनि यिनीहरूको धर्मको विधि विधानहरूमा मिसावट भएको देखिन्छ।

विगतको कुनै वर्षहरूमा ३०० जना ल्होमीहरूले ख्रीष्टलाई स्वीकार गरेका छन्। यिनीहरूले त्यो भू-भागमा भएको अन्य जातिहरूको बीचमा सुसमाचार प्रचारकहरूलाई पठाइरहेका छन्। इमानदार सेवकहरूले धेरै वर्षहरूको परिश्रमपछि ल्होमी भाषामा धर्मशास्त्रलाई अनुवाद गरे। सन् १९७६ मा धर्मशास्त्रको केही भागहरू ल्होमी भाषामा छापिए; सन् १९९५ मा पुरा नयाँ करार छापियो– यति थोरै जनसङ्ख्या भएको मानिसहरू बोल्ने भाषामा धर्मशास्त्र अनुवाद हुनु एउटा आश्चर्यपूर्ण घटना हो। भारतको दार्जिलिङमा इसाईहरूको सङ्ख्या बढी भएको कारणले त्यहाँ बसोबास गर्ने प्रायः जसो ल्होमीहरूले सुसमाचार सुनेका छन्, र थोरैले उद्धार पाएका छन्। नेपाल र भारतमा ल्होमीहरूको बीचमा इसाईहरू भए तापनि राजनीतिक अवस्था र कडा सुरक्षा भएको सिमानाको कारणले तिब्बतीय ल्होमीहरूको बीचमा सुसमाचार फैलाउन सकिरहेको छैन।




**Population:**
8,670 (2000)
10,290 (2010)
12,490 (2020)

**Countries:** Nepal, China, India

**Buddhism:** Tibetan

**Christians:** 300

## संक्षेप:

**अन्य नामहरू:** Lhoket, Shing Saapa, Kathe Bhote, Kar Bhote, Singsawa, Shingsaba

**जनसंख्या:**
नेपाल : ८,१०० (PeopleGroups.org)

**उपभाषाहरू:** २ (Leh, Shamma)

**तिब्बती बुद्ध धर्म:** ८०%

**इसाई धर्म:** ३.५%

**बाइबल:** केही भागहरू सन् १९७६, नयाँ करार सन् १९९५

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** Lhomi

**ख्रीष्टिय प्रसारण:** छैन

### सुसमाचारको अवस्था




- सुसमाचार नसुनेकाहरू
- सुसमाचार सुनेका तर विश्वास नगरेकाहरू
- कुनै एउटा ख्रीष्टिय सम्प्रदायलाई पछ्याउनेहरू